बैठक मितिः २०७९/११/०३

बैठक सङ्ख्याः १५

छलफल तथा निर्णयः

१. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको पत्रबाट चालु आ.व.मा ब.उ.सि.नं. ३३७०१११८(उत्तर- दक्षिण व्यापारिक मार्ग विस्तार आयोजना) अन्तर्गत उत्तर-दक्षिण(कोशी) सडक योजना, खाँदवारी, संखुवासभा सडकको बरूण देखि च्याम्ताङ (चेनेज ८०+००० देखि १३४+०००) सम्म सडक खण्डलाई ग्राभेल स्तरमा स्तरोन्नति गर्न रू. ३ अर्ब ५५ करोड बराबरको बहुवर्षीय ठेक्काको सहमति माग भई आएको विषयमा स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने ।

२. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको पत्रबाट चालु आ.व. मा ब.उ.सि.नं. ३३७०२१०१ अन्तर्गत रेल, मेट्रो रेल तथा मोनो रेल विकास आयोजनाको बर्दिबास-निजगढ (चोचा) खण्डको ७ वटा रेल्वे स्टेशन तथा ३५ कि.मि. स्लिपर ब्लास्ट, अन्य पूर्वाधार, विद्युत सम्बन्धी कार्य सिग्नल र टेलिकम्युनिकेशनको कार्य गर्न बहुवर्षीय ठेक्का सहमति माग भई आएको विषयमा छलफल भयो। प्रस्तुत सन्दर्भमा आयोजनाबाट रेल्वे सम्बन्धी निर्माण कार्य गर्दा अवलम्बन गर्न लागिएको प्राविधिक विषयहरुमा थप छलफल पश्चात आवश्यक निर्णय गर्ने।